# तिब्बत र नेपालमा बौद्धधर्मको उत्पत्ति र विकास

— रमेशराज कुँवर

तिब्बतमा बौद्धधर्मले प्रवेश गर्नुभन्दा पहिले तिब्बतीहरू बोनधर्ममा विश्वास गर्दथे। प्रकृतिका पुजारी तिब्बतीहरू बोनधर्म अन्तर्गत संसारलाई पृथ्वी, आकाश र स्वर्ग गरी तीन भागमा विभाजन भएको सम्झी कुनै पनि एक भागमा भूत, प्रेत, पिशाच बस्न सक्छ र मानिसलाई दुःख दिन्छ भन्ने सोची खराब आत्मालाई खुशी पार्नको लागि पशु बलि र नर बलि समेत दिने गर्दथे।[1] जब तिब्बतमा बौद्धधर्मले प्रवेश गऱ्यो तब विस्तारै प्राचीन धर्म लोप हुँदै गयो। तर त्यसको तुष भने कहिल्यै हटेन।

पाँचौं शताब्दी ई. तिर टो-टो-री नामक राजाको पालामा तिब्बतमा पहिलो पटक बौद्धधर्मको प्रचार भयो र केही नयाँ पुस्तकहरू पनि ल्याइयो।[2] तिब्बतीहरू त्यसताका लेखपढ गर्न नजान्ने हुनाले नौलो परिपाटीसंग परिचित हुन सकेनन्।[3]

यस सम्बन्धमा शरत्चन्द्र दासले लेख्नु भए अनुसार, तिब्बती प्रथम राजा ङ्हा-थी-चन्पादेखि छब्बीसौं राजा नामरी-स्रोङ-चनको पालासम्म तिब्बतमा बौद्धधर्मको प्रचार भैसकेको थिएन।[4] टो-टो-रीको शासनकालभन्दा दुईसय वर्ष पछि अर्थात् सातौं शताब्दी ई. तिर यारलुङ वंशी राजा नामरी-स्रोङ-चङले सम्पूर्ण तिब्बती भूभागलाई एकीकरण गरेपछि[5] तिब्बतमा लेखपढ शुरू हुनुका साथै बौद्धधर्मले पनि राजकीय संरक्षकत्व प्राप्त गरे। भनिन्छ, राजा स्रोङ-चङ-गम्पोले नेपालकी राजकुमारी र चीनकी राजकुमारसंग विवाह गरेपछि नेपालबाट अक्षोभ्य मैत्रेय र ताराको मूर्ति पनि राजकुमारीकै साथमा पठाइएको थियो। त्यसै गरी चीनको राजकुमारीको साथमा पनि बुद्धको मूर्ति पठाइएको थियो। दुवै राजकुमारीको सरसल्लाहबाट राजाले आफ्नो देशमा बौद्धधर्मलाई राष्ट्रिय धर्मको रूपमा परिणत गरे।[6] आफ्ना देशका बासिन्दाहरू अशिक्षित

1. Mario Fantin, *Manirimdu* (New Delhi : The English Book Store, 1976), P. 106; G. A. Combi, *A Tibetan on Tibet*, (Kathmandu : Ratna Pustak Bhandar, 1975), P. 16.
2. Bina Roy Burman, *Religion and Politics of Tibet*, (New Delhi : Vikash Publishing House, 1979), P. 33.
3. Sir Charles Bell, *The Religion of Tibet*, (Oxford : OUP, 1968), P. 33
4. Sarat Chandra Das, *Contributions on the Religion and History of Tibet*, (New Delhi : Manjusri Publishing House, 1970), P. 69.
5. Eva K. Dargyay, *Tibetan Village Communities*, (New Delhi : Vikash Publishing House, 1982), P. 1.

भएको महसूस गरी राजाले थोन्मिसम्भोटको नेतृत्वमा १६ जनालाई काश्मिरमा अध्ययन गर्न पठाए ।[7] अन्त्यमा ६५० ई. तिर ती समूह तिब्बत फर्की नयाँ अक्षर तथा लिपिको परिचय दिई लेखपढ गर्न समेत शुरू गराए । परिणाम–स्वरूप थोन्मीसम्भोटलाई तिब्बती शिक्षाको पिता भनी पुकारिन थाले ।

राजनैतिक दृष्टिकोणबाट छिन्नभिन्न भई बसेका तिब्बतीहरूलाई राजा स्रोङ-चङ-गम्पोले एकीकरण गरेर नयाँ धर्मको परिचय दिई शिक्षाको समेत प्रचार गराउन सफल भएको हुँदा उनको नाम तिब्बती इतिहासमा अमीट छापको रूपमा रहनु स्वाभाविकै हो । तिब्बतीहरूले नेपाली समाजमा र चिनिया समाजमा चिनिने मौका पाउनमा पनि राजा र थोन्मिसम्भोटकै देन मात्र सकिन्छ । त्यति मात्र नभई बौद्धधर्मको प्रचारको कारणले गर्दा नै विस्तार-विस्तारै तिब्बतीहरूमा राष्ट्रियता र राष्ट्रिय सांस्कृतिक एकताको सूत्रमा बाँधिने मौका पाउँदै गए । तर राजनैतिक स्थिरता भने नवौं शताब्दी ई. सम्म मात्र कायम रह्यो । तत्पश्चात् पुनः एक पटक तिब्बतको राजनैतिक इतिहास छिन्न–भिन्न भयो ।

राजा स्रोङ चङ गम्पोको मृत्युपछि उनका उत्तराधिकारीहरूले बौद्ध भिक्षुहरूलाई तिब्बतमा बोलाउने र केही मन्दिरहरू निर्माण गर्ने कार्य जारी नै राखे । तर स्थानीय बासिन्दाहरू नयाँ धर्मसंग त्यति परिचित भइसकेका थिएनन् । तिनताका तिब्बतका राजा मे-अक-छोम थिए र उनको समयमा देशमा चर्मरोग फैलिई ठूलो होहल्ला मच्चिई रानीको समेत मृत्यु भयो । यसरी देशमा रोग फैलनाको मुख्य कारण बौद्धधर्म प्रचार गर्नाले हो भन्ने धारणा बोन धर्मावलम्बीहरूमा पर्न गएकोले रोग निवारणको लागि भिक्षुहरूलाई देश बाहिर निकाला गर्नु पर्छ भन्ने माग उनीहरूको थियो ।[8] वास्तवमा राजा स्रोङ–चङ–गम्पोको मृत्युपछि करीब १०० वर्षसम्म बौद्धधर्मको विकास हुन सकेन ।[9] यसको मुख्य कारण तत्कालीन शासकहरू कमजोर हुनु र शक्तिशाली मन्त्रीहरू प्रायः बोनधर्ममा आस्था राख्ने हुनाले हो ।

राजा मे-अक-छोम पछि तिब्बतमा टि-सोङ-दे-चेन राजा भए । तेह्र वर्षको उमेरमा राजा भएदेखि नै यिनले बौद्धधर्ममा आस्था राख्दै आएका थिए । आफू बौद्ध धर्मावलम्बी भए तापनि बौद्धधर्मका विरोधी अर्थात् वोन-धर्मका अनुयायी शक्तिशाली मन्त्रीहरूसंगै काम गर्नु परेकोले बौद्धधर्म प्रचार गर्न ज्यादै गाह्रो परेको महसूस भएको थियो । तिनताका वोन धर्मावलम्बी तथा बौद्धधर्मका विरोधी मा-साङ्ग मुख्य मन्त्री थिए ।[10] अन्तमा मा-साङ्गको केही लागेन र राजाले सालङाङ नामक व्यक्तिलाई नेपाल, वोधगया र नालन्दामा तीर्थयात्रा गर्न पठाए । यसै अवस्थामा मा-साङ्गलाई मारिनु र सालङाङले शान्तरक्षितलाई नेपालमा भेट्नु–यो तिब्बतकोलागि सुनौला अवसर हुन गयो । हुन त मा-साङ्गको मृत्यु शान्तरक्षितको तिब्बत यात्रा पूर्व भएको हो या पछि–यसवारे किटान गर्न नसकिए तापनि शान्तरक्षित तिब्बत जानु अगाडै मा–साङ्गलाई जिउँदै गाडी मारियो भनी सर चार्ल्स बेलले लेख्नुभएको छ[11] भने डेभिड स्नेलग्रोभले मा-साङ्गको क्रियाकलापबाट शान्तरक्षितलाई तिब्बतमा बौद्धधर्म प्रचार गर्न कठिन भएको हुँदा उसलाई जिउँदै गाडिएको हो भनी लेख्नुभएको छ ।[12]

भारतबाट शान्तरक्षित, पद्मसंभव र कमलशिल जस्ता महान् बौद्ध विद्वान्हरू राजा टि-सोङ-दे-चेनको

6. Sir Charles Bell, *Tibet : Past & Present*, (Oxford : OUP, 1927), P. 27.
7. L. A. Waddell, *Buddhism and Lamaism* (New Delhi : Heritage Publishers, 1975), P. 19, V. V.Gokhale, "Tibet (Central) and Laddhak", In P.V. Bapat (Ed.), *2500 years of Buddhism*, (Ministry of Information and Broadcasting of India), P. 66.
8. D. L. Snellgrove, *Buddhist Himalaya*, (Oxford : Brono Cassirer, 1957), P. 145.
9. Bell, *The Religion of Tibet*, op. cit., P. 35.
10. Ibid.
11. Ibid., P. 36.
12. Snellegrove, op. cit., P. 148.

पालामा तिब्बत आई सक्दो रूपमा बौद्धधर्मको प्रचार गरे। तिब्बतको इतिहासमा यसलाई आठौं शताब्दी ई. को घटना मान्न सकिन्छ।

## बौद्धधर्मको विस्तृत प्रचार

तिब्बतमा गई बौद्धधर्म प्रचार गर्ने भारतीय ख्याति बौद्ध विद्वान्हरूमा शान्तरक्षित नै पहिलो व्यक्ति थिए। तिब्बती बौद्धधर्मको इतिहासमा शान्तरक्षित एक महत्वपूर्ण व्यक्तिको रूपमा लिइने हुनाले उनको प्रारम्भिक जीवन के कस्तो थियो र कुन कुन स्थितिमा उनले के कस्तो भूमिका खेले भन्ने कुरा जान्नुपर्ने आवश्यकता देखिन्छ।

उनको जन्म ७०५ ई. मा भारतको विहार प्रान्त अन्तर्गत भागलपुर जिल्लाको राजपरिवारको कोखबाट भएको थियो।[13] पछि उनी नालन्दा विश्वविद्यालयको प्रख्यात भिक्षु भए।[14] उनको यो ख्यातिले गर्दा नै तिब्बतमा भ्रमण गर्ने निमन्त्रणा समेत पाए। सन् ७४३ मा उनी पहिलो पटक नेपाल हुँदै तिब्बतमा पुगेपछि त्यहाँ दशशील, अष्टादश दातव्य र प्रत्तित्यसमुत्पादसम्बन्धी शिक्षा दिने काम गरे। करीब तीन महिनाको बसाइमा उनले शिक्षा मात्र नदिई धार्मिक ग्रन्थहरूको पनि अनुवाद गरे। उनले प्रचार गरेको शिक्षा तिब्बती हावापानी सुहाउँदो भएन। तिनताकासम्म तिब्बतीहरू बौद्ध दर्शन बुझ्न सक्ने भइसकेका थिएनन्। त्यसै अवस्थामा अकस्मात् तिब्बतमा मेघ गर्जिनुका साथै आँधीवेरी आई बालीनालीमा सुख्खा लाग्यो र मानिसहरूलाई पनि विभिन्न रोगले ग्रस्त पारे। सो घटनाको कारण शान्तरक्षितले स्थानीय देवी देवताहरूलाई वेवास्ता गरी बौद्धधर्मको प्रचार गर्नाले हो भनी बोन धर्मावलम्बीहरूले सम्पूर्ण दोष शान्तरक्षितमाथि थुपारे। फलस्वरूप शान्तरक्षितलाई तिब्बतमा ज्यान जोगाउन समेत कठीन भएको हुँदा तुरून्तै उनी नेपाल फर्के।[15]

सन् ७४३ देखि ७४९ सम्म शान्तरक्षित विज्ञानवादको सिद्धान्त प्रचार गरी नेपालमा नै बसे।[16] उनी नेपालमा बसे तापनि समय समयमा तिब्बतबाट मानिसहरू आई ज्ञान लिई जाने गरेको हुँदा तिब्बतमा शान्तरक्षितको नाम लोप हुनुको सट्टा झन् उनको महत्त्व बढ्दै गएको थियो। एक पटक फेरि शान्तरक्षितलाई तिब्बतमा आउन निमन्त्रणा गरियो। उनलाई तिब्बतको बारेमा सबै थाहा भइसकेको हुनाले आफू नगई पद्म संभवको नाम सिफारिश गरी पठाइ दिए। पद्मसंभव गएको खण्डमा भूत, प्रेत, पिशाच आदि नष्ट हुन सक्छ भन्ने धारणाबाट शान्तरक्षितले उनको नाम सिफारिश गरी दिएको बुझिन्छ। फलस्वरूप तिब्बतीहरूले पद्मसभवलाई निमन्त्रणा गरे र उनी पनि ७४७ ई. मा नेपाल हुँदै तिब्बत पुगे।

पद्मसंभव तिब्बत पुग्ने वित्तिकै उनको आफ्नो तन्त्र विद्याले खराब आत्मालाई नष्ट गरी बौद्धधर्मको प्रचार शुरू गरे। तिनताका शान्तरक्षितलाई पनि तिब्बतमा बोलाइएको हुँदा पद्मसंभवलाई ठूलो हौंसला भयो। करीब ६ बर्ष नेपाल बसी ७४९ ई. मा शान्तरक्षित पनि तिब्बत जाने निर्णय गरी तिब्बतको लागि सर्वस्तिवादिन मत नै फलिफाप हुनेछ भन्ने सोचेर सोही मत अन्तर्गतका १२ जवान भिक्षुहरूलाई साथमा लिई उनी दोस्रो पटक तिब्बत पुगे। त्यसबेलादेखि राजा टि-सोङ-दे-चेनको संरक्षकत्वमा दुई जना भारतीय महापण्डितहरूको संयुक्त तत्वावधानमा बौद्धधर्मको प्रचार अनौठो रूपबाट हुन थाल्यो। यसै क्रममा बौद्धधर्मको जग बलियो पार्ने उद्देश्य लिई सर्वप्रथम विहार निर्माण गर्ने र तत्पश्चात् भिक्षु सङ्घ खोल्ने योजना बनाई सात जना तिब्बतीहरूलाई भिक्षु बनाएर सङ्घमा प्रवेश गराए। भिक्षु सङ्घले स्थायित्व प्राप्त गर्न सक्छ कि सक्दैन भनी यसलाई केवल परीक्षणकालमा राखियो। तिब्बतमा बौद्धधर्मको प्रचार पश्चात् व्यवस्थित रूपबाट खोलिएको पहिलो भिक्षु सङ्घ नै यही थियो। तर

13. Rajendra Ram, *A History of Buddhism in Nepal A. D. 704–1396 A. D.*, (Patna : Jana Bharati Prakashan, 1977), PP. 32–33.
14. A. S. Altaker, *Education in Ancient India*, (Varanasi : Manohar Prakashan, 1975), P. 124.
15. Bell, op. cit., P. 36.
16. Ram, op. cit., PP. 35–38.

उक्त सङ्घको व्यवस्था साम्य गुम्बाको निर्माणपछि मात्र भएको हुनुपर्छ भनी आर. ए. स्टेनले लेख्नुभएको छ ।[17]

ल्हासादेखि करीब ५० माइल दक्षिणपूर्व साम्य नामक स्थानमा भारतको ओदन्तपुरी विहारको नमूनामा एउटा विहार निर्माण भयो । तिब्बती भाषामा विहारलाई गुम्बा भनिन्छ । सो गुम्बाको शिलान्यास पण्डित द्वय शान्तरक्षित र पद्मसंभवको उपस्थितिमा भयो । तर सो गुम्बाको पूरा निर्माण भने दुवैको जीवनकालमा नभई करीब ७८७ ई. तिर मात्र पूरा भयो भनी एल. पेटेले लेख्नुभएको कुरालाई राजेन्द्ररामले उद्धृत गर्नुभएको छ ।[18] चिनियाहरू सो गुम्बालाई सन–याङ भन्दछन् । सन–याङ-बाट नै साम्य हुन गएको हो र चिनिया भाषामा सन याङ भन्नाले तीन भाग बुझिन्छ । गुम्बाको सबैभन्दा माथिल्लो भाग चिनिया शैलीमा, बीचको भाग भारतीय शैलीमा र सबैभन्दा तल्लो भाग तिब्बती शैलीमा बनेको हुनाले सो गुम्बालाई सन–याङ भनिएको हो ।[19] जुन शैलीमा सो गुम्बा निर्माण भएपनि तिब्बती बौद्धधर्म अन्तर्गत ङिङ–मा–पा (पुराना अथवा नसुधारिएको) मतको पूर्व केन्द्र विन्दुको रूपमा साम्य गुम्बालाई लिइन्छ । गौतम बुद्ध लगायत अन्य बुद्धहरू तथा ठूला-ठूला लामाहरूको मूर्ति राखी पूजा-आजा गर्ने हुँदा र धार्मिक ज्ञान दिइने हुँदा साम्य गुम्वालाई तिब्बतीहरूको एउटा महत्वपूर्ण पवित्र तथा धार्मिक केन्द्रको रूपमा लिन सकिन्छ ।[20] तिब्बती बौद्ध धर्मावलम्बीहरूको सबैभन्दा पुरानो पवित्र स्थल नै साम्य गुम्बा हुन गयो । यसै क्रममा शान्तरक्षित र पद्म-संभव दुवैको सहयोग र समझदारीबाट सो गुम्वा निर्माण भएपनि अन्तमा यसको निर्माता पदमभसंवलाई नै मानियो ।

चर्कदो रूपमा बौद्धधर्मको प्रचार हुँदै गए तापनि कुनाकाप्चामा वोन मतावलम्बीहरू कायमै थिए । वोन मतावलम्बीहरू बौद्धधर्मको विरोधी थिए भने चिनिया बौद्ध धर्मावलम्बीहरू समेत तिब्बतमा भारतीय बौद्धधर्मले जरो गाडेको हेर्न चाहँदैनथे । यसै परिस्थितिमा शान्त-रक्षितलाई ७६२ ई. मा घोडाले कुल्चाएर मारिदिए ।[21] उनको हत्या गराउनमा चिनियाहरूको पनि ठूलो हात हुन सक्छ भनी सर चार्ल्स बेलले उल्लेख गर्नुभएको छ ।[22] करीब १३ वर्ष ३ महीना तिब्बतमा बसी शान्तरक्षितले आफ्नो अन्तिम देहलाई सोही ठाउँमा विसर्जन गरे ।

पद्मसंभव, शान्तरक्षितपछिका अर्को महान् पण्डित थिए जसलाई तिब्बती बौद्धधर्मको गे-लुक–पा मतावलम्बीहरू बाहेक अरू सबै मतावलम्बीहरूले गुरुका रूपमा अर्थात् तिब्बती बौद्धधर्म अन्तर्गत पाइने विभिन्न देवताहरूमध्ये एउटा महत्वपूर्ण देवताको रूपमा पूजी ङिङ–मा–पा मतको संस्थापककै रूपमा मानिएको पाइन्छ । उनलाई प्रायः गुरु रिम्वोचे, उर्गेन रिम्वोचे र पेमा ज्युग्ने भनी पुजिएको पनि नपाइने होइन । भित्ते चित्र र थांका चित्रमा प्रायः पद्मसंभवको आठ भिन्दा-भिन्दै रूप देखाइएको पाइन्छ । उक्त आठ रूपहरूमा दुई रूप क्रोधी र बाँकी ६ रूपहरू शान्त खालको पाइन्छ ।

ङिङ–मा–पा मतका संस्थापक मानिएका पद्म-संभवको जन्मबारे प्रशस्त किंवदन्तीहरू पाइन्छन् । उनको जन्म कमलको फूलबाट भएको मानिन्छ । वास्तवमा उनका बारेमा जान्नको लागि भरपर्दो ऐतिहासिक सामग्रीहरू उपलब्ध नभएको हुनाले पनि प्रशस्त किंवदन्तीहरू रचिएका होलान् । पछि गएर थाहा पाए अनुसार, उनी कमलको फूलबाट जन्मिएको होइन कि मानिसकै कोखबाट जन्मि-एका थिए भन्ने कुरालाई अधिकांश विद्वान्हरूले स्वीकारी सकेका छन् ।

काश्मीर र अफगानिस्तानको बीचमा पर्ने स्वातः प्रदेशका सम्पूर्ण मानिसहरू महायानी बौद्धधर्म अपनाउँदै

17. R. A. Stein, *Tibetan Civilization*, (London : Faber and Faber Ltd., 1972), P. 66.
18. Ram, op. cit., Fote note, P. 38.
19. Dass, op. cit., P. 75.
20. Sacred र Profane शब्दको प्रयोग गर्ने पहिलो विद्वान् इमाइल दुर्खाइम थिए । तर यस लेखमा sacred शब्दले दुर्खाइमको परिभाषालाई भन्दा पनि L. P. Vidhyarthi को *Sacred Complex of Hindu Gaya* (1961) मा पाइने Sacred Centre लाई अनुकरण गरिएको छ ।
21. Ram, op. cit., P. 38.
22. Bell, op. cit., P. 40.

विशेषतः महायानीहरू जादू र तन्त्रमन्त्रमा निकै नै प्रभावित थिए।[23] सोही ठाउँमा पद्मसंभवको पनि जन्म भएको थियो।[24] कसैले यिनलाई राजा इन्द्रभुतिको छोराको रूपमा स्वीकारेका छन्[25] भने कसैले धर्मपुत्र हुनुपर्छ भनी तर्क गरेको पनि नपाइने होइन।[26] इ. कृष्णमाचार्यले पद्मसंभवलाई शान्तरक्षितको बहिनी-ज्वाईं मान्नुभएको छ।[27] शान्तरक्षितको बहिनी मान्दरवासंग विवाह भएपछि मात्र उनी तिब्बतको लागि प्रस्थान गरे भनी एल. ए. वाडेलले उल्लेख गरेको पाइन्छ।[28]

गुरु पद्मसंभवले 'त्रयी योग' (दर्शन, तर्कशास्त्र र गुह्य विज्ञान) को ज्ञान बङ्गालमा लिएका थिए।[29] तीनै विषयका ज्ञाता तथा नालन्दा विश्वविद्यालयका योगाचार दर्शनसम्बन्धी प्राध्यापकको रूपमा रहेका पद्मसंभवले भारतमा नै आफ्नो ख्याति पाइसकेका थिए। शान्तरक्षित जस्ता महान् पण्डित आफ्नो समकालीन सहयोगी पाएको हुँदा उनलाई तिब्बत जान अप्ठचारो परेन। तत्कालीन समयमा तिब्बतको धार्मिक अवस्था ज्यादै नाजुक भएको हुनाले तिब्बत जानु अगावै सो ठाउँको जानकारी नेपालबाट लिन सकिने महसूस गरी पद्मसंभव नेपाल आई शान्तरक्षित र अन्य नेपाली विद्वान्हरूसंग कुराकानी गरी तिब्बत सम्बन्धी पोख्त भएपछि मात्र उनी तिब्बतको लागि प्रस्थान गरेका हुन्।

शान्तरक्षितले तिब्बतमा धर्मप्रचार गर्नको लागि पद्मसंभवलाई सहयोगी बनाए झैं पद्मसंभवले पनि आफ्ना पत्नीहरूको सहयोगबाट मात्र धर्म प्रचार गर्न लागे। तिब्बती इतिहासमा पद्मसंभवका पत्नीहरू डकिनीको नामबाट प्रख्यात छन्। पद्मसंभवका पाँच पत्नीहरू थिए जसमध्ये दुइजना नेपालको (कला देवी र शाक्य देवी), दुइजना तिब्बतका (खार्सी वि-ड्रेन र यसे-छो-ग्याल) र एकजना भारतको (मान्दरवा) थिए। उल्लिखित पाँच पत्नीहरूमध्ये भारतका मान्दरवा र तिब्बतका यसे-छो-ग्याल निकै नै प्रख्यात मानिन्छन्।

आफ्ना पाँच डकिनीहरूका मद्दतबाट तन्त्रलाई व्यवहारमा उतारी पद्मसंभवले बोनधर्म अन्तर्गतका भूत, प्रेत, पिशाच आदिलाई नष्ट पारिदिए। त्यतिमात्र नभई तान्त्रिक विद्याको संरक्षणको लागि गुफाभित्र लुकी विभिन्न ग्रन्थहरूको अनुवाद गर्ने कार्य पनि ती डकिनीहरूबाट भएका थिए।

शान्तरक्षितको मृत्यु ७६२ ई. मा भएपछि पद्मसंभवको पनि नामनिशाना नै रहेन। न उनको पनि तिब्बतमा नै मृत्यु भयो न त शान्तरक्षितलाई मारेको देखेपछि कतै भागेर गए या तिब्बतमा अझै रहे- यस सम्बन्धमा कुनै पनि भरपर्दो स्रोत पाइँदैन। उनको पछिल्लो जीवनलाई लिएर विभिन्न विद्वान्हरूले विभिन्न किसिमका अड्कल गरेका छन्। शान्तरक्षितको मृत्युपछि पद्मसंभव १८ महीनामात्र रहे र अनि नागपोत द्वीप जग्गाको कल्पित भन्ने ठाउँमा पुगे भनी कसैले लेखेको पाइन्छ भने कसैले ५० वर्षसम्म उनी तिब्बतमा नै रहे भनी अड्कल गरेको पनि नपाइने होइन। ङिङ मा पा मतावलम्बीहरूले टि-सोङ-दे-चेनका छोरा मु-ने-चेन-पोको पालासम्म पद्मसंभव तिब्बतमा नै रहेका थिए भन्ने विश्वास गर्दछन्। सर चार्ल्स बेलले लेख्नु भए अनुसार, तिब्बतमा राजालाई कानमा विष हाली मार्ने षडयन्त्र भयो र पदमसंभवलाई पनि उनका केही समर्थकहरू र नोकरहरूको साथ लगाई भारत पठाइयो।[30] तर आजभोलि उनी तिब्बतको उत्तर-पश्चिम भूभाग अन्तर्गत राक्षसहरूको देशमा शिक्षा दिई बसेका छन् भन्ने विश्वास राख्तछन्।[31] उनको पछिल्लो जीवन नेपालको उत्तरी भागमा बिताई सन् ७५५ मा मृत्यु भएको हुनसक्छ भनी राजेन्द्रामले तर्क गर्नुभएको छ।[32] सोलुखुम्बुका शेर्पाहरूले पद्मसंभवको मृत्यु अमृतसरमा भएको विश्वास गर्दछन्।

23. Ibid, P. 37.
24. Ram, op. cit., P. 39.
25. Waddell, op. cit., PP. 380–382.
26. Ram, op. cit., Foot note, P. 40.
27. Ibid.
28. Waddell, op. cit., Foot note 5, PP.24, 382.
29. Bell, op. cit., P. 37.
30. Ibid, P. 39.
31. Ibid.
32. Ram, op. cit., P. 47.

आठौं शताब्दीको मध्य तथा अन्ततिर बौद्धधर्मको प्रचारको लागि कमलशील नामक अर्को एक बौद्ध विद्वान् तिब्बत गए। शान्तरक्षित तथा पद्मसंभवको दाँजोमा कमलशीललाई लिन सकिदैन तापनि तिब्बतमा बौद्धधर्मको जग बसाल्नमा उनको पनि ठूलो देन मान्न सकिन्छ। तत्कालीन तिब्बती राजाले भारतीय बौद्ध दर्शनमा विश्वास राखे तापनि तिब्बती जनता चिनिया बौद्धधर्ममा प्रभावित हुँदै गइराखेका थिए। चिनिया बौद्ध धर्मावलम्बीहरूले भारतीय बौद्धधर्मलाई गलत अर्थमा सोचेको हुनाले कुन देशबाट आएको धर्म ठीक छ भनी जान्न उत्सुक राजामा आउनु स्वाभाविकै थियो। राजाले चिनिया बौद्ध विद्वान् र भारतीय बौद्ध विद्वान्को बीच वादविवाद गर्ने कार्यक्रम राखे। कार्यक्रम अनुसार भारतीय बौद्ध विद्वान्हरूबाट कमलशीललाई प्रतिनिधित्व गर्न लगाइयो भने चिनिया बौद्ध विद्वान्हरूबाट हो-साङलाई गराइयो। त्यसताका बौद्धधर्मको प्रचारमा भारतीय प्रचारलाई 'ढीलो प्रचार' र चिनिया प्रचारलाई 'छिटो प्रचार' भन्ने नारा दिइएको थियो।[33] फलस्वरूप शान्तरक्षितले दिएको सिद्धान्तहरूलाई नस्वीकारी चिनिया महायानीहरूको सिद्धान्तलाई समर्थन गरिन थालियो। उनीहरूले प्रचार गरेका दर्शनहरूमा भक्ति र कर्मलाई जोड दिनुका साथै निर्वाणको बाटो अङ्गाली अनस्तित्वमाथि विश्वास गर्न आग्रह गरिएको थियो। हुन पनि यी सिद्धान्तहरूलाई तिब्बतीहरूले छिटै नै ग्रहण गरे।

अन्तमा केहीं उपायबाट पनि भारतीय बौद्धधर्म प्रचार हुन नसक्ने अवस्थालाई महसूस गरी राजाको आफ्नै निगरानीमा सन् ७९२-७९४ को बीच साम्य गुम्बामा दुइथरी विद्वान्हरूको बीच वादविवाद कार्यक्रम चलाए।[34] वादविवादको सिलसिलामा कमलशीलले चिनिया प्रतिनिधि-हरूलाई हराए। राजाको निर्णय अनुसार अबदेखि तिब्बती समाजमा चिनिया बौद्धधर्मलाई नअङ्गाली भारतीय बौद्ध-धर्मलाई मान्यता दिई नागार्जुनको माध्यमिक सिद्धान्त अन्तर्गत दश धार्मिक व्यवहार र छयासी सद्गुणहरू (पारमिता) लाई अङ्गालिने निर्णय गरियो। अन्तमा कुनै उपाय पनि नदेखेपछि केहीं हत्याराहरू जम्मा गरी चिनियाहरूले कमलशीललाई तिब्बतमा नै मार्ने अठोट गरे र पछि हत्या समेत गरियो पनि।

छिमेकी देशहरूसंगको झगडामा व्यस्त हुँदा पनि भारतीय बौद्धधर्मलाई शीरमा राखी बोन धर्मावलम्बीहरू-लाई र चिनिया महायानीहरूलाई ख्याल नगरी आफ्नो देशमा सदासर्वदाका निम्ति बौद्धधर्मको जग बसाल्न सफल भएका राजा टि-सोङ-दे-चेनलाई आजसम्म पनि तिब्बती बौद्ध धर्मावलम्बीहरूले मुक्तकण्ठले प्रशंसा गरी मन्जुश्रीको अवतारको रूपमा पूजेको पाइन्छ। उनको अन्तिम समय ७९७ देखि ८०४ ई. सम्म मानिन्छ।

राजा टि-सोङ-दे-चेनको मृत्यु पश्चात् तिब्बतको इतिहासका उनका छोरा मु-ने-चन-पो शासकको रूपमा देखा पर्दछन्। उनको समयमा पुन: बौद्धधर्मप्रतिको आस्था घट्दै गयो। धेरैजसोले सो धर्मलाई घृणाको दृष्टिले हेर्न थाले। अन्तमा राजाको आफ्नै नातेदारबाट विष प्रयोग गरी उनको हत्या गरियो।

मु-ने चन-पो-को हत्या भएपछि उनका भाइ ठि-दे-सोङ-चेन गद्दीमा बसे। उनलाई तिब्बती इतिहास-मा सा-ना-लेक पनि भनिन्छ। फेरि पनि एकपटक बौद्धधर्मको प्रचार र प्रसारलाई मान्यता दिइयो र 'संस्कृत-तिब्बती शब्दकोश' (महाव्युत्पत्ति)को तयारी पनि भयो। सो कार्यबाट जनतालाई धार्मिक ज्ञान हासिल गर्न निकै नै सजिलो भयो। धार्मिक दृष्टिकोणबाट सा-ना-लेकले ज्यादै राम्रो स्थान ओगट्न नसके तापनि उनको पालामा बौद्धधर्म लोप हुन पाएन। समय-समयमा ग्रन्थहरू अनुवाद गरिएबाट बौद्धधर्मको प्रतिष्ठा बढ्दै गएकोले दाज्यूको भन्दा उनको स्थान निकै नै माथि लान सकिन्छ।

सा-ना लेकको मृत्यु पश्चात् नवौं शताब्दी ई. तिर उनका छोरा राल-पा-चन १७ वर्षको उमेरमा तिब्बतको राजा भए। यिनले कहिलेदेखि शासन चलाए सो भन्न कठीन पर्दछ तापनि कसैले ८१५ ई. तिरदेखि ८३८ ई. सम्म र कसैले ८७७ देखि ९०१ ई. सम्मको

33. Bell. op., cit., P. 40.

34. Stein, op. cit., P. 68.

समय स्वीकारेका छन् । तिब्बती बौद्धधर्मको इतिहासमा राजा स्रोङ–चङ–गम्पो, टि-स ङ-दे-चनले जस्तो प्रकार-बाट आफ्नो नाम जीवित बनाउन सफल भए त्यसरी नै राल-पा-चन पनि सफल भएको देखिन्छ । यिनको ज्यादै लामो कपाल भएको हुँदा तिब्बती इतिहासमा यिनी 'लामो कपाल' को नामबाट पनि नचिनिने होइनन् ।

राजा राल–पा–चन महायानी बौद्धधर्ममा मात्र आस्था नराखी हिनयानमा पनि त्यत्तिकै आस्था राख्दथे । आफू देशको शासक भएपछि तुरुन्तै भारत, जाहोर-बाट दुवै मतसंग सम्बन्धित ग्रन्थहरू झिकाई धर्मको प्रचार गर्न लगाए । दुई भिन्दाभिन्दै मत अन्तर्गतका ग्रन्थहरूको सम्मिश्रणबाट निकालिएका सिद्धान्तहरू अध्ययन गर्न ज्यादै अप्ठ्यारो परेको कुरा राजालाई महसूस भएपछि तुरुन्तै अक्षर विन्यासमा संशोधन गर्न लगाए । भिक्षुहरूको हेरविचार गर्न सकेमा मात्र धर्मको विकास हुनसक्छ भन्ने धारणा भएको हुँदा प्रत्येक भिक्षुलाई सात कृषकहरूको घरबाट हेरविचार गर्नुपर्ने बन्दोबस्त गराए । यसरी पहिलो पटक भिक्षु सङ्घको व्यवस्था हुन गयो । राजाको लामो कपाल भएको हुनाले सो कपाल जमीनमा घस्रिदा उक्त कपालमा भिक्षुहरूलाई हिंडाउँदथे पनि भनिन्छ ।

उनको पालामा बौद्ध ग्रन्थहरू अनुवाद गरी तिनीहरूलाई दुई भागमा विभाजन गरियो । पहिलो भाग-लाई कङ्ग्युर (१०८ ठेली) र दोस्रो भागलाई तेङ्ग्युर भनी संज्ञा दिइयो । गौतम बुद्धका उपदेशहरू जति कङ्ग्युरमा छापियो र बुद्धका चेलाहरूको उपदेश जति तेङ्ग्युरमा छापियो ।

**बोनहरूको चकचकी तथा बौद्धधर्मको नाजुक स्थिति**

राजा बौद्धधर्मका परमानुयायी भए तापनि बोन मतावलम्बीहरूको स्थायित्वको कारण कठिनताका साथ नयाँ धर्मको प्रचार भई नै राखेको थियो । उनका धेरैजसो मन्त्रीहरू बोन धर्मानुयायी भएकाले बौद्धधर्मको प्रचारमा अवरोध खडा गर्नुका साथै के गरेर सो धर्मलाई तिब्बती भूभागबाट पन्छाउन सकिन्छ भन्ने तरखरमा लाग्नु सिवाय उनीहरूको दोस्रो काम भएन । तिब्बती इतिहासमा प्रायः ती मन्त्रीहरू 'काला टोपी' अथवा 'काला मन्त्रीहरू' भनी चिनिन्छन् ।

यस्तो अवस्थामा राजाका स्वयं दाज्यू लाङ-दर-मा समेत बौद्धधर्मका बिरोधी तथा काला मन्त्रीहरूको समर्थक हुन गएबाट बौद्धधर्मको स्थिति नाजुक हुने लक्षण देखा पर्न गयो । यसै क्रममा दाज्यू लाङ-दर-माको नेतृत्वमा सम्पूर्ण शक्तिशाली बोन मतावलम्बीहरू एक जुट भई राजाको हत्या गराए । तर उनको हत्या कहिले भयो सो निश्चित समय थाहा पाउन नसकिए पनि धेरैजसोले ८३८ देखि ९१४ ई. का बीचमा भएको हुनसक्छ भनी अड्कल गरेका छन् ।

आफ्नो भाइको हत्या गरेपछि भतिजो (राजाको छोरा) चाङमालाई पनि भूटानतिर लघारे । तत्पश्चात् लाङ-दर-मा तिब्बतको आफू शासक भएपछि भाइको हत्यारा दपस ग्याललाई मन्त्रीमा नियुक्त गरे ।[35]

वास्तवमा त्यतिबेला राजाको हत्या हुनु नै बौद्ध-धर्मको हत्या गर्न खोजिएको हो भन्न सकिन्छ । जेहोस्, 'लामो कपाल' को हत्या गरेपछि तिब्बतमा ठूलो होहल्ला मच्चिनुका साथै धार्मिक क्षेत्रमा पनि ठूलो परिवर्तन आयो । बौद्धधर्म छिया-छिया भएर गयो ।[36] केही भिक्षुहरू विवाह

35. Satya Mohan Joshi, *Karnali Lok Sanskriti*, (Khanda - 1), in Nepali, (Nepal Rajkiya Pragya Pratisthan, 2028), P. 34.

36. Bell, *Tibet : Past & Present*, op. cit , P. 28; "As soon as the latter succeeded to the throne, he did what he could to destroy Buddhism in Tibet. The religious law broke like a rotten rope. The peace in Tibet became as a lamp without oil. Evil arose like a storm; the good intentions were forgotten as a dream. The monks, finding none to serve them returned to their homes, the evil ministers gained the power. Those appointed as king, Lang-der-ma an incarnate fiend."

गर्न लागे। कुनैलाई जङ्गलमा शिकार गर्न पठाइयो। अहिंसाको नारा दिनेलाई मृत्युदण्ड दिइन थालियो। मन्दिरका ढोकाहरूमा बार बारियो र भिक्षुहरूले मदिरा सेवन गरिराखेका चित्रहरू लेखिन थालियो। धार्मिक ग्रन्थहरू अनुवाद गर्न बन्द गरियो। कतिपय धार्मिक ग्रन्थहरू त चट्टानभित्र लुकाइएको थियो भनी पु-टोनको उल्लेखलाई सर चार्ल्स बेलले उद्धृत गर्नु भएको छ।[37] तिब्बतमा भिक्षुहरूको बिचल्ली बौद्धधर्मको घृणा तथा बिरोध न यो भन्दा पहिले भएको थियो न त पछि नै। यसबाट बुझिन्छ कि बोनहरूले आफ्नो संस्कृतिलाई परिवर्तन गराउन चाहँदैनथे साथै सांस्कृतिक निरन्तरतामाथि पनि त्यत्तिकै जोड दिएका थिए। तर बोनहरूको 'सांस्कृतिक निरन्तरता' को भावनाले सम्पूर्ण जनतालाई एउटै तिब्बती खेमाभित्र राख्नसक्ने क्षमता नभएकोले तिब्बतीकरणको प्रक्रिया तथा उक्त कदम उपर कुनै किसिमको प्रभाव परेन भन्न सकिन्छ। सातौं शताब्दी ई. उत्तरार्द्ध तिब्बतमा बौद्धधर्म तिब्बतीकरणको लागि एउटा महत्वपूर्ण अदृश्यात्मक शक्तिको रूपमा देखापर्दै आएको थियो र सो क्रम अविच्छिन्न रूपमा चल्दै पनि गयो।

भाग्यवश कहलिएका पापी राजा धेरै वर्ष टिक्न पाएनन्। राजा भएको करीब १ वर्षदेखि १३ वर्षको बीचमा ह्लालुङ नामक एक भिक्षुद्वारा उनको हत्या गरियो। राजाको हत्या पश्चात सो भिक्षु आम्दो प्रान्तको पहेंलो नदीको दक्षिण भूभाग हुँदै स्हुँवातिर भागेर गए भन्ने उल्लेख पाइन्छ।[38] साटोलाई आधार मान्दै राजा लाङ-दर-माको हत्या ८४६ ई. मा भएको हुनुपर्छ भनी आर. ए. स्टेनले लेख्नुभएको छ तापनि सर चार्ल्स बेलले ९०० ई. मा भएको अनुमान गर्नुभएको छ।[39] जेहोस्, उल्लिखित भिक्षुद्वारा राजा लाङ–दर–माको हत्या नाटकीय ढङ्गबाट भएको थियो।[40] गौतम बुद्धले काटमारलाई पूर्णमात्रामा बहिष्कार गरेको पाइए तापनि रीसको आवेगमा आएका भिक्षुले राजा लाङ–दर–माको हत्या गरेबाट तात्कालीक बौद्ध विद्वान्हरूले उक्त 'हत्या' लाई सैद्धान्तिक दृष्टिकोणबाट 'पवित्र' तथा 'धार्मिक' अथवा पाप कुन कार्यमा लिए त्यो भन्न कठीन पर्दछ।

आम्दो प्रान्त त्यसताका एउटा महत्वपूर्ण बौद्ध केन्द्र बनिसकेको थियो। लाङ-दर–माको चकचकी भइराखेको बेलामा पनि तीनजना भिक्षु साथमा धर्मसम्बन्धी विभिन्न ग्रन्थहरू बोकी पल–छेन–छु–मो–रीबाट सोही प्रान्तमा लुक्न पुगेका थिए।

भागेर गएका भिक्षुहरू आम्दोको एउटा महत्वपूर्ण

37. Bell, *The Religion of Tibet*, op. cit., P. 47.
38. Stein, op. cit., P. 69; Waddell, op. cit P. 34.
39. Stein, op. cit., P. 69. Bell, op. cit., P. 47.
40. Bell, *The Religion of Tibet*, op. cit., P. 48; Mounted on a white horse blackened with charcoal, and wearing a roomy woolen cloak black on the outside and white in the inside, he went to Lhasa. With him he took an iron bow and an iron arrow. When he came to Lhasa, he saw the Strong One reading the inscription on Long Stone, with his back turned to the Temple and the Cho-ten of Gan-den. He alighted in the Strong One's presence. He bent the bow, resting it on his knee. The king thought he was doing obeisance to him. During the first obeisance he bent the bow; during the second he fitted the arrow-notch to the bow-string; during the third he let fly. The arrow pierced the king's chest.

    He stayed to call out, 'I am the demon, Black ya-she. When anybody wishes to kill a sinful king, let him do it as I have killed this one.' So saying he fled. The cry was raised. The Strong One is killed in Lhasa, persue the assasin'. But the monk washed the black off his horse in a pond, and turned his cloak inside out. And, now he called out, I am the god called White Nam-te-u, and continued his flight."

लामा ओम-पा-ख-स्यालकहाँ गई धार्मिक ज्ञान लिन थाले । त्यसपछि सोही ठाउँमा अर्को १० जना तिब्बतीहरू आई प्रवज्या लिए जसमा प्रमुख व्यक्ति लु-मे-छुल-ठीम थियो । लाङ-दर माको मृत्यु भएपछि पुनः ती भिक्षुहरू ल्हासा फर्की साम्य गुम्बाबाट धर्म प्रचार गर्न थाले । भताभुङ्ग भएको धर्मलाई एकत्रित गरी प्रचार गराउनमा ओम पा-ख-स्याल र लु-मे-छुल-ठीमको ठूलो हात थियो ।[41]

**राजनैतिक अस्थिरता तथा बौद्धधर्मको पुनरुत्थान**

लाङ-दर-माको मृत्यु पश्चात् तिब्बतको इतिहास करीब १५० वर्षसम्म अन्धकार नै रह्यो । मृत राजाको दुई भिन्दाभिन्दै रानीबाट जन्मिएका दुई छोरामा युमतेन र होसुङको बीच गद्दीको लागि मतभेद चल्न थाले । अन्तमा युमतेनले यु प्रान्तमा र होसुङले अर्को छुट्टै प्रान्तमा स्वतन्त्र रूपबाट शासन चलाउन थाले । यसै क्रममा होसुङको छोरा पाल-खोर-चनले पश्चिमी तिब्बतको लदाक, पुराङ्ग र गुगेमा शासन चलाउन थाल्यो । पछि गएर उसको उत्तराधिकारीहरूका पालामा ती राज्यहरू विभाजित भई ङरी-मरयुल, पुराङ्ग, गुगे आदि जस्तै राज्यमा भिन्दाभिन्दै स्वतन्त्र शासकहरू देखापर्न थाले ।[42] यसरी विभिन्न भागमा तिब्बत बाँडिए तापनि बौधधर्मको प्रचार गरिने कार्य भने जारी नै रह्यो । प्रत्येक स्वतन्त्र शासकले आ-आफ्नो राज्यमा कसो गरी धर्म प्रचार गर्न सकिन्छ भन्ने विभिन्न उपायहरू रच्न थाले । पछि मात्र तिब्बत र उत्तर-पूर्वी तिब्बतमा मात्र धर्मको प्रचार नभई पश्चिम तिब्बतमा समेत यसले जरो गाड्न थाले । पश्चिमी तिब्बतको दाँजोमा युमतेनका सन्तानहरूले आफ्नो ठाउँमा सफलतापूर्वक धर्म प्रचार गर्न सकेनन् ।

तिब्बतको पश्चिमी भूभागमा बौद्धधर्मको महत्त्व बढ्दै गएको कारणले तिब्बतको धार्मिक इतिहासले नयाँ मोड लिन थालेको बुझिन्छ । यसैताका रिन्छेन-जाङ-पो नामक एक महान् बौद्ध विद्वान् तिब्बतको इतिहासमा देखापर्दछन् । उनको समय ९५८ देखि १०५४ ई. सम्म मानिन्छ ।[43] त्यतिबेलासम्ममा मानिसहरूलाई बौद्धधर्म ग्रहण गर्न सके जीवनको बाटो नै भिन्दै हुनसक्छ भन्ने धारणा जागिसकेको थियो । फलस्वरूप ङरी प्रान्तका शासक होनखोरन्दे अथवा य-शे-हो (ज्ञानप्रभा) ले आफ्नै भाइलाई शासन दिई आफूलाई प्रवज्या लिई रिन्छेन-जाङ-पोको नेतृत्वमा २१ जनालाई बौद्धधर्म अध्ययन गर्न भारत पठाए । तर रत्नभद्र (रिन्छेन-जाङ-पो) र सुप्रज्ञा (लोक-पाइ-सेराप) मात्र बाँचा फर्केर आए । बाँकी अरू सबै हावापानी नमिलताको कारणले भारतमा नै सबैको मृत्यु भयो । रिन्छेन-जाङ-पोले काश्मीरमा अध्ययन गरी भारतको अन्य भूभागमा पनि भ्रमण गरेका थिए । त्यसताका भारतमा बौद्धधर्मसम्बन्धी जो कोही पनि अध्ययन गर्न गएमा उनीहरूलाई क्रमिक दर्शन (अभिधम्म), तान्त्रिक दर्शन (प्रज्ञा पारमिता) तथा तर्क विद्या, गुम्बा अथवा विहारको अनुशासन (विनय), ऐतिहासिक निबन्ध (सूत्र), विशेष योग र विधिविधानहरू आदिसम्बन्धी ज्ञान दिइन्थ्यो । उल्लिखित विषयहरूमा पोख्त भई फर्केका रिन्छेन-जाङ-पोको ख्याति र विद्वता सम्पूर्ण तिब्बती समाजमा फैलियो । तिब्बतमा फर्केपछि प्रज्ञापारमिता, मातृ र पितृ तन्त्रहरूमा प्रकाश पारेको हुनाले नै उनको ख्याति बढ्न गएको हो । त्यसैले उनलाई शर्मातन्त्रको संस्थापक पनि भनिन्छ ।[44]

तिनताका नेपालमा समेत बौद्ध शिक्षण केन्द्रहरू खोलिन थालिसकेको थियो । त्यसैताका भारतमा मुसलमानहरूको आक्रमणले गर्दा अधिकांश बौद्ध भिक्षुहरू त्यहाँबाट भागी तिब्बत र नेपालतिर लागे । त्यसताका बौद्ध विद्वान्हरूमा सबैभन्दा बढी ख्याति प्राप्त गर्ने व्यक्ति अतिश थिए जसलाई दिपाङ्कर ज्ञान भनिन्छ । अतिशले कालचक्र प्राणी अन्तर्गत लिएका शिक्षा तन्त्रवादमा आधारित थियो । सहजयानका तान्त्रिक सिद्धहरूमा अग्रणी कहलिएका नारोपा जस्ता पण्डितबाट उनले दीक्षा लिएका थिए ।[45] अतिशले विक्रमशिलाको पण्डित्याई छोडी

41. Dass, op. cit.. P. 70.
42. Gokhale, op. cit., P. 69.
43. Snellgroue, op. cit., P. 180.
44. Dass, op. cit., P. 72.
45. Surya Vikram Gyanwali, *Nepal Upatyakako Madhyakalin Itihas*, (Royal Nepal Academy, 2019), P. 270.

नेपालमा आएर एक वर्ष बसी ज्ञान लिनेदिने कार्य गरेपछि[46] मात्र मुस्ताङ हुँदै पश्चिमी तिब्बतको गुँगे राज्यमा पुगे ।[47] उनले ज्ञानार्जन गरेका कालचक्र प्रणाली अन्तर्गतको शिक्षा तत्कालीन तिब्बती हावापानी सुहाउँदो हुँदै गएको थियो । उनी त्यहीं नै बौद्धधर्म प्रचार गरी बस्न थाले । त्यहाँ उनले रिन्छेन–जाङ-पोलाई समेत भेट गरी ल्हासासम्म पुगेपछि त्यहाँबाट करीब १६ माइल टाढा ट्रा–यर–पा गुफामा बसी ज्ञान प्रचार गर्न थाले । सो गुफामा बसेर कैयौं तिब्बती भिक्षुहरूको सहयोगबाट प्रशस्त ग्रन्थहरूको अनुवाद गर्ने कार्य पनि गरे ।[48] अतिशलाई तिब्बतमा लिएर आउने व्यक्ति नाक–हो थिए र उनी पनि अतिशसंगै सोही गुफामा बसेका थिए । वास्तवमा अतिशको तिब्बती चेलाहरूमध्ये ड्रोम–टोन मुख्य मानिन्छन् ।

**बौद्धधर्मको विकास तथा मतको उत्पत्ति**

तिब्बतमा अतिशलाई मान्नुको कारण केवल धर्म प्रचार गरेर र विभिन्न ग्रन्थहरू अनुवाद गरेर मात्र होइन । उनले सबैभन्दा पहिले मतको सृजना गर्न लगाएको कारणले हो । उनको समयमा तिब्बतमा जुन मतको सृजना भयो त्यसलाई का-दम-पा भनिन्छ । का-दम पा मतको सृजना भएपछि पुराना नियममा बस्ने तिब्बती बौद्ध भिक्षुहरूको मतलाई ङिङ-मा-पा (पुरानो अथवा अपरिवर्तित या नसुधारिएको) भनिन थालियो ।

हुनत का-दम-पा मतको संस्थापक ड्रोम-टोन थिए तापनि यसको सम्पूर्ण देन अतिशलाई नै गएको छ । किनभने का-दम-पा मत ड्रोम-टोनबाट लागू गरेपनि यसको सम्पूर्ण नियमहरू अतिशले बनाएका थिए । मैत्रेय र अशंगद्वारा प्रतिपादित योगाचार दर्शनमा प्रभावित भएका आचार्य अतिशको मार्गदर्शनमा ड्रोम-टोनले हिनयान र महायान दुवै विचारधारालाई संमिश्रण गरी भिक्षुहरूलाई अविवाहित जीवन व्यतित गराउने, जादू,तन्त्रमन्त्रमा जोड नदिने किसिमको यो मत प्रचार गर्न सफल भए । यसै क्रममा रिन्छेन-जाङ-पोभन्दा पहिले अनुवादित ग्रन्थहरूको नियम र उपनियमलाई साङ-नाग-ङिमा भनिन थालियो र रिन्छेन जाङ-पो पश्चात अनुवादित ग्रन्थहरूलाई साङ-नाग-सर्मा भनिन थालियो । तिब्बती भाषामा साङ-नाग-ङि-मा भन्नाले 'पुरानो' र साङ-नाग-सर्मा भन्नाले 'नयाँ' भन्ने बुझिन्छ । का-दम-पा मत पनि साङ-नाग-सर्माभित्र पर्दछ । लाङ-दर-माभन्दा पूर्वका सूत्रहरूमा केही पनि सैद्धान्तिक भेद नपाइनु र त्यस पछिका अनुवादकहरूले विस्तारै विस्तारै सिद्धान्तलाई काँटछाँट गरी केही परिपाटीमा फरक ल्याएको हुनाले पुरानो परिपाटीलाई ङिङ-मा-पा भनियो र नयाँ परीपाटीलाई स-र्मा-वा भनिन थालियो । तर प्रस्तुत धर्मको विकासको क्रममा कमलशिलको समयसम्मलाई ङा–दर (प्राचीन तिब्बती बौद्धधर्म) र लाङ–दर–माको समय पश्चातलाई छि–दर (उत्तर तिब्बत बौद्धधर्म) को रूपमा विभाजन गरेको पनि नपाइने होइन ।

का–दम–पा मतका गुरु मानिएका तिब्बती बौद्ध विद्वान ड्रोम टोनले आफ्नो निर्देशनमा ल्हासादेखि ६० माइल टाढा उत्तरपट्टि रे–टिङ नामक स्थानमा एउटा गुम्बा बनाउन लगाई सो गुम्बामा ९ वर्षसम्म बसी नागार्जुनको मध्यममार्गसम्बन्धी ज्ञान दिए । करीब ६० वर्षको उमेरमा उनको मृत्यु भएपछि उनका चेला पो-टो-वाले उक्त कार्यलाई जारी नै राखेर ६६ वर्षको उमेरमा उनको पनि मृत्यु भयो । जेहोस्, बौद्धधर्मको प्रचार पश्चिम तिब्बतमा मात्र सीमित नभई मध्यतिब्बततिर पनि फैलँदै गएको थियो ।

बाह्रौं शताब्दी ई. तिर तिब्बती बौद्धधर्मको इतिहासमा मार्पा नामक अर्को एक व्यक्ति देखा पर्दछन् । मार्पा र उनका एक साथी नेपाल आई यहाँका नेवारहरूसंग ३ वर्ष बसी बौद्धधर्मसम्बन्धी तान्त्रिक ज्ञान सिकेको कुरा सर चार्ल्स वेलले लेख्नुभएको छ ।[49] नेपालमा ज्ञान लिइसकेपछि भारतको नालन्दा विश्वविद्यालयमा पनि ज्ञानार्जन गरे । त्यहाँबाट फर्केर आएपछि आफ्नो तन्त्र

46. Ibid., P. 268.
47. Snellgroue, op. cit., P. 179.
48. Waddell, op. cit., Foot note-2, P. 36.
49. Bell, op. cit , P. 62.

विद्याको माध्यमबाट सम्पूर्ण खराबीलाई हटाई बालबच्चा तथा बृद्धहरूको रोगलाई निको पार्न सफल भएको हुनाले कतिपय व्यक्तिहरू उनको चेला बन्न पुगे । नारोपाको दीक्षाबाट मार्पा ज्यादै नै प्रभावित भएको हुनाले दोस्रो पटक पनि उनी भारत गए । भारतबाट नेपाल हुँदै तिब्बत फर्केपछि उनले अर्को नयाँ मतको परिचय दिए जसलाई तिब्बती बौद्धधर्ममा क-ग्यु-पा मत भनिन्छ । मार्पाको विभिन्न चेलाचेलीहरूमध्ये मिला-रे-पाको नाम उल्लेखनीय छ ।

मार्पाद्वारा प्रतिपादित कग्युको अर्थ साधारणतया 'नियममा बसी सफल हुनु' भन्ने बुझिन्छ । यो मत विशेष गरी भारतीय दर्शनमा आधारित देखिन्छ । यसको वास्तविक रूप महामुद्रा अर्थात् मध्यममार्ग हो । यो मतको मुख्य विशेषता यौगिक कार्य गर्नु हो । प्रायः सो कार्य गुफामा बसी या अन्त कतै एकान्त ठाउँमा बसी ध्यान गर्नु हो र नारोपाको गुरु तिलोपाद्वारा निर्देशित आदिबुद्ध वज्रधरबाट उत्साहित हुनु हो । यसको तन्त्र शुभ-कर-सु-हुमू हो । यो मतावलम्बीले सम्मरलाई संरक्षक राक्षसको रूपमा मान्दछन् ।[50] पछि क-ग्यु-पा पनि दुई उपमतमा विभाजित भयो जसलाई कर्मा–पा र रुग-पा भनिन्छ ।

धर्म प्रचारमा जतिको देन मार्पाले दिएका थिए त्यत्तिकै देन मार्पाका चेला मिला-रे-पाले पनि दिएको मानिन्छ । मिला-रे-पाको जन्म १०३८ ई. मा तिब्बतको दक्षिणी भूभागमा नेपालको सीमाना नजिक जोडिएको केरुङभन्दा केही कोश पूर्व गुङ-टाङ जिल्लाको क्याङ-सामा भएको थियो ।[51] पछि उनको नाम मिला-रे-पा भए तापनि बाल्यकालको नाम तो-पा-ग (सुन्नमा आनन्द) थियो । सधैं जसो रुवाको लुगा लगाउने भएको हुनाले उनलाई मिला–रे–पा भनिएको थियो । मिला–रे–पा भारत नगए पनि नेपालको भादगाउँमा रहेको लामा पाँगो गुफामा आएर बसी तपस्या गरेको विश्वास गरिन्छ । हालसम्म पनि तिब्बती तीर्थयात्रीहरू सो गुफामा तपस्या गर्न जाने हुनाले शायद सोही गुफामा मिला–रे–पा आई बसेको हुनसक्छ भनी श्री ज्ञवालीले तर्क गर्नुभएको पाइन्छ ।[52]

आमाको करकापमा परेको मिलाले सर्वप्रथम 'कालो कला' सम्बन्धी ज्ञान लिनुपरेको थियो । त्यसबाट आफू संतुष्ट नभएपछि योगीको रूप धारण गरी कविता तथा गीतहरू लेख्न थाले । उनले लेखेका कतिपय कविता-हरू र गीतहरू बौद्धधर्मसंग सम्बन्धित भएको हुनाले जनमानसमा यसले निकै प्रभाव पार्न सक्यो । उनका दशौं हजार गीतहरूको सम्झना गर्दै अझै पनि तिब्बती लामाहरू तथा टावा (भिक्षु) हरू मिला–रे–पालाई मुक्तकण्ठले प्रशंसा गर्दछन् । वास्तवमा मिलालाई यसरी अगाडि बढाउनमा सबैभन्दा ठूलो देन लामा मार्पाको नै थियो ।

**बौद्धधर्म – राष्ट्रिय धर्म तथा शाक्य-पा मतको उत्पत्ति**

एघारौं शताब्दी ई. सम्ममा त बौद्धधर्मले सम्पूर्ण तिब्बतीहरूको आत्मालाई जित्न सफल भइसकेको थियो भने बाह्रौं शताब्दी इ. को पूर्वार्द्धमा अर्को एउटा नयाँ मतको सिर्जना भयो जुन मतलाई तिब्बतीहरू शाक्य-पा भन्दछन् । का-दम-पा मत अन्तर्गत दुई उपमतहरूमध्ये क-ग्यु–पा पछिको दोस्रो मत शाक्य–पा हो । शाक्य–पा मतपछि पनि अरू दुई मतहरू क्रमशः जो–नाङ-पा र ङि–छे-पा थिए ।

माथि उल्लिखित तथा पछि देखिने विभिन्न मत–उपमतहरूको उत्पत्ति र नामकरण कसरी भयो भन्ने सम्बन्धमा शरतचन्द्र दासले लेख्नुहुन्छ कि बौद्धधर्मको दर्शन-हरूमध्ये वैभाषिक दर्शन अन्तर्गत पाइने विभिन्न अठार उपदर्शनहरूको उत्पत्ति विभिन्न गुरुहरूको नाम र स्थान विशेष नामकरण भए झैं तिब्बती बौद्धधर्म अन्तर्गत सिर्जना भएका कतिपय दर्शनहरू वैभाषिककै स्वरूप नआए पनि विभिन्न लामाहरूको नामबाट, स्थान विशेष र क्रिया तथा विधिको नामबाट नामकरण भएको हो । शाक्य–पा, जो–नाङ–पा, शाङ–पा र दिगुङ–पा मतहरू स्थान विशेषबाट नामकरण भएको मानिन्छ । प्रायः ती मतहरू सोही सोही

50. Waddell, op. cit., PP. 64-65.
51. Bell, op. cit., PP. 80-81.
52. Gyanwali, op. cit., P. 272.

स्थानबाट उत्पत्ति हुनुको साथै सोही ठाउँमा ज्ञान पनि दिइन्थ्यो । कर्मा–पा, वुलुग–पा मतहरू गुरु (लामा) को नामबाट नामकरण भएको थियो । का दम–पा, दोग–छेन–पा, छचांग-छेन–पा र शि–छे–पा विधिहरू तथा बाह्य क्रियाबाट नामकरण भएको मानिन्छ ।[53]

शाक्य-पा मतको उदय भएपछि तिब्बतको धार्मिक इतिहासमा मात्र परिवर्तन नआई राजनैतिक इतिहासमा समेत परिवर्तन आयो । त्यसबेलादेखि बौद्धधर्मलाई राष्ट्रिय धर्मको रूपमा लिइन थालियो र देशको शासन समेत लामाहरूको हातमा पऱ्यो ।

सन् १०७१ मा नेपाल र तिब्बतको सीमानासंग जोडिएको सिवात्सेको दक्षिण–पश्चिम भागको शाक्य भन्ने ठाउँमा एउटा ठूलो गुम्बाको निर्माण भयो । सो गुम्बाको प्रधान पुरोहित तथा मुख्य लामा (खेम्पो) स्व. राजा टि–सोङ–दे–चेनको प्रिय मन्त्रीका वंशज थिए । गुम्बाको नियम अनुसार मुख्य लामाको पद वंशानुगत बाबुपछि छोराले पाउने भयो र लामाहरू अविवाहित हुनुपर्छ भन्ने कुनै अनिवार्यता पनि भएन ।

सन् १२०० ई. तिर जेन्जिङ खाँले तिब्बतलाई आफ्नो अधिनमा लिएपछि करीब १२७० ई. मा उनका सन्तान कुब्लाइ खाँले शाक्यहरूको प्रमुख लामालाई प्रधान पुरोहित या प्रमुख लामाको रूपमा मान्यता दिई शासकको रूपमा नियुक्त गरे भनी जि. ए. कोम्बीले लेख्नुभएको छ ।[54] त्यसबेलादेखि शासनकर्ता नै लामा भएको हुनाले तिब्बतको सम्पूर्ण भू-भागमा धर्मको महत्व बढ्दै जान थाल्यो । त्यतिमात्र नभई भारतबाट ल्याइएका ग्रन्थहरू र तिब्बतमा अनुवादित ग्रन्थहरूलाई होशियारीकासाथ दोहऱ्याउने काम भयो । त्यस काममा लाग्नेहरूमध्ये बु चन-को नाम निकै नै प्रसिद्ध छ । यिनले १२९०–१३६४ ई. सम्मको बीचमा मौलिक बौद्ध ग्रन्थहरूको विश्लेषण, इतिहासको रचना, केङ्ग्युर र तेङ्ग्युर समेतको सङ्कलन गरेका थिए ।

शाक्यहरूको आन्तरिक कलहले गर्दा उनीहरूको शासन सि-तु र पाक-मो तुको हातमा गयो । सर चार्लस बेलले १३४५ ई. मा सो घटना घट्न गएको हो भनी मान्नुभएको छ ।[55] शाक्य वंशको नाशककार तथा सित्या वंशका संस्थापक छाङ-हुव थिए । राजनीतिमा विशाल परिवर्तन आए तापनि धार्मिक क्षेत्रमा भने कुनै किसिमको बाधा अड्चन आउन पाएन । सो वंशले १६३५ ई. सम्म तिब्बतमा शासन चलाएको उल्लेख पाइन्छ ।[56]

### गे-लुक-पा मतको उत्पत्ति

तिब्बती बौद्धधर्मको ऐतिहासिक विकासक्रममा गे-लुक-पालाई अन्तिम सुधारिएको मत मानिन्छ । छोङ–खा–पाद्वारा संस्थापित सो मतका मतावलम्बीहरूले अवतारवादलाई विशेष मान्यता दिन थाले । हुनत, तिब्बती लामाहरूले अवतार फेर्न थालेको सम्भवतः १२८४ ई. को समयलाई अनुमाम गरेको पाइन्छ ।[57]

अवतारवादमा आस्था राख्ने तिब्बती तथा सो धर्मका अन्य अनुयायीहरूको अवतारीले सम्पूर्ण अवस्थाको अध्ययन गर्नु, भविष्यवाणी गर्नु, व्यक्तिगत जीवनको भविष्यसम्बन्धी जानकारी दिनु र त्यस उपर विश्वास गरेमा धर्म हुन्छ भन्ने धारणा रहन गएको हुनाले यस संस्कृति र धर्मका मानिसहरूले अवतारीलाई ईश्वरको रूपमा पुज्ने हुँदा यो लेखमा अवतारीलाई लामालाई जगत् विशेषज्ञको रूपबाट हेरिएको छ ।

अवतारीहरू केवल धर्ममा मात्र व्यस्त नभई राजनीतिमा समेत हात हाल्न थाले । फलस्वरूप तिब्बतको सम्पूर्ण शासन अवतारी लामाको हातमा गयो जुन अवतारी लामाले शासन लिए त्यसलाई दलाई लामा भनिन थालियो । छोङ–चङ–गम्पोद्वारा स्थापित ल्हासाको रातो डाँडाको फो–दान–मार्पो नामक दरबारलाई अब पो-ता-ला दरबार भनी नामाकरण गरी सोही दरबारबाट शासन चलाउन थालियो । त्यस क्रममा अवतारी लामाहरू

53. Dass, op. cit.
54. Bell, op. cit,, P. 69.
55. Combi, op. cit., P. 18.
56. Bell, *Tibet : Past & Present*, op. cit., P. 32.
57. Stein, op. cit., P. 80.

जगत विशेषज्ञको रूपमा मात्र नदेखिई राजनैतिक विशेषज्ञका रूपमा पनि देखिन थाले ।


कसरी र कुन परिस्थितिमा गे लुक-पा मतको विकास भयो भन्ने कुरा जान्नुभन्दा अगाडि छोङ-खा-पाको विषयमा जान्नु जरूरी देखिन्छ । सन् १३५८ ई. मा उत्तर पूर्वी तिब्बतको आम्दो भन्ने जग्गामा छोङ-खा-पाको जन्म भएको थियो । उनी ३६ वर्षसम्म आफ्नो अध्ययनलाई जारी राखी अन्तमा एक असाधारण व्यक्तिको रूपमा देखा परे । सन् १४०० देखि १४०८ बीच गान-डेनमा एक गुम्बा बनाई सुधारात्मक नयाँ तिब्बती धार्मिक मतको परिचय दिए । गान डेनबाट यो मत प्रचार भएकोले गे-लुक-पा मतलाई गान-डेन-पा मत पनि भनिन थालियो । पछि गान-डेन-पा नामभन्दा गे-लुक-पा नाम नै प्रसिद्ध हुन गयो । गान-डेन गुम्बा बनेको केही वर्षपछि अर्थात् सन् १४१६ ई. मा ड्रे-पुङमा अर्को गुम्बा बन्यो । सन् १४१९ ई. मा सेरामा अर्को एउटा गुम्बाको निर्माण भयो र उल्लिखित तीन गुम्बाहरूबाट गे-लुक-पा मतको प्रचार हुन थाल्यो । बिस्तारै-बिस्तारै (१४३६–१४४४ ई) खाम क्षेत्रको छाम्दोमा र साङ क्षेत्रको टाशीलिम्बो (१४४७ ई.) मा गुम्बाहरू बने ।

छोङ-खा-पाले १४०३ ई. तिर का-दम-पा गुम्बामा बसी आफ्ना कार्यहरू गरेका हुनाले शुरूमा उनले दिएका मतलाई नयाँ का-दम-पा पनि नभनिएको होइन । पछि गान-डेनबाट मत प्रचार गर्न थालेका हुनाले गान-डन-पा भन्न थालियो । उनले जे जति कार्यहरू गरे तापनि तिब्बती धार्मिक इतिहासमा उनका दुई कृति ज्यादै नै प्रशंसनीय मानिन्छन् । उनले लेखेका दुई कृति (ग्रन्थ) हरूलाई ह्लाम-रिम र ङाग रिम भनिन्छ ।[58] उनले लेखेका कृतिहरू प्रशंसनीय हुनाको मुख्य कारण अति सरल, छोटो, स्पष्ट तथा क्रमबद्ध भएकोले साधारण व्यक्तिले समेत बुझ्न सक्नाले हो । त्यसैकारणले पनि उनलाई जे-रिम-पो-चे भनिन्छ ।[59] पछि उनलाई चीनको बादशाहबाट निमन्त्रणा पनि आयो । तर आफु बेफुर्सती भएको हुनाले आफ्नो चेलो जेमछेन-छेज्जे-शाक्य-यश्यलाई पठाइदिए । चीनका बादशाहले उनलाई 'धर्मका राजा' भन्ने उपाधि पनि दिए ।

धार्मिक विकासको क्रममा छोङ-खा-पाको चेला ज्यामयाङबाट ड्रे-पुङमा र जेमछेन-छेजे-यश्यले सेरामा गुम्बा बनाए । ती गुम्बाहरू धार्मिक विधिविधानका लागि मात्र प्रयोग नभई विश्वविद्यालयको रूपमा पनि प्रयोग हुन थाले । विशेष गरी त्यहाँ मन्त्र, कालचक्र र औषधिसम्बन्धी जानकारी दिलाइन्थ्यो ।[60]

६१ वर्षको उमेरमा अर्थात् १४१९ ई. मा छोङ-खा-पाको मृत्युपछि उनका भतिजा गान्डेन-टुप्पा सर्वभन्दा ठूलो लामा बने । १४७४ ई. मा गान्डेन टुप्पाको मृत्यु भएको दुई वर्षपछि एक अनाथमाथि उनको आत्मा बस्न गएको विश्वास गरियो र उसलाई गान्डेन टुप्पाको अवतारी भनी घोषणा गरियो । यसरी तिब्बतमा लामाहरूले अवतारमाथि विश्वास गर्न थाले । यो परम्परा तिब्बतमा मात्र सीमित नरही मंगोलियामा समेत फैलियो । तेस्रा प्रमुख लामा सोनाम ग्यात्सो (१५४६–१५८७ ई.) को पालामा मंगोल शासक अल्टन खाँ समेत प्रभावित भई आफूलाई दलाई लामा वज्रधर भनी घोषित गरे ।[61] तिब्बतीहरूको 'ग्यात्सो' र मंगोलहरूको 'दलाइ' शब्दले 'शागर' भन्ने अर्थ बुझाउँछ । पछि गएर तिब्बतीहरूले पनि 'दलाइ' शब्दलाई नै अनुकरण गर्न थाले ।

58. Stein, op. cit., P. 80.
59. Bell, *The Religion of Tibet*, op. cit., PP. 96-97.
60. Dass, op. cit., P. 209.
61. Gokhale, op. cit., P. 72; Burman, op. cit., P. 8.




## पुन: राष्ट्रिय एकीकरण

१६४० ई. तिर पाँचौं दलाई लामा ङावाङ लोजाङले मंगोलियाको ग्रोलेटलाई तिब्बती बौद्ध-धर्मका पुराना मतावलम्बीहरूसंग लड्नको लागि अनुरोध गरे र तिनीहरूलाई दबाउनुका साथै १६४०–१६४१ ई. देखि आफू सम्पूर्ण तिब्बती भूभागको शासक बनी पोताला दरबारबाट शासन चलाउन थाले। तत्पश्चात् तिब्बती शासकहरू अवतारी र दलाई लामाको नामबाट घोषित हुन थाले। सो क्रम चीनले तिब्बत नलेउन्जेलसम्म जारी नै रह्यो। तिब्बती इतिहासमा ङिङ-मा पा मतावलम्बीहरू 'रातो टोपी' र गे लुक-पा मतावलम्बीहरू पहेंलो टोपीको रूपमा प्रसिद्ध छन्।

## नेपालमा तिब्बती बौद्धधर्मको विस्तार

पन्ध्रौं शताब्दीपछि तिब्बती बौद्धधर्मको विस्तार मंगोलिया, लदाक्, सिक्किम, भुटान र नेपालमा हुँदै गयो। सिक्किममा कर्मा-पा मतको बढी प्रभाव परेको छ भने भुटानमा डुग-पा मतको बढी प्रभाव परेको छ। नेपालको उत्तर, उत्तर-पूर्वी र उत्तर-पश्चिमी क्षेत्रमा स्थानीय बासिन्दाहरूले मान्ने प्रमुख धर्म नै तिब्बती बौद्धधर्म हो। ताप्लेजुङको ग्रोलाङचुङ गोला, संखुवासभाको किमाथाङ्का इलाका, सोलुखुम्बुको शेर्पा बस्ती क्षेत्र, दोलखाको विगु, लामोवगर, सिमीगाउँ, रोलवालिङ, सिन्धुपाल्चोकको हेलम्बु इलाका, रसुवाको लाङटाङ इलाका, मनाङ, लोमान थाङ (मुस्ताङ), डोल्पा, हुम्लाको लिमी इलाका, कास्कीको ह्यान्जा र अन्य हिमाली क्षेत्रहरूमा जहाँ जहाँ तिब्बती संस्कृतिको प्रभाव परेको छ सो ठाउँहरूका बासिन्दाहरूले तिब्बती बौद्धधर्मलाई अङ्गिकार गरेका छन्। तर सबै ठाउँहरूमा एकै किसिमको मत अपनाएको पाइँदैन। हुम्ला जिल्लाको माथिल्लो भेकमा क–ग्यु–पा र ङिङ–मा–पा मतावलम्बीहरू छन्[62] भने १९३५ ई. पछि हेलम्बुमा क-ग्यु-पा मतको प्रचार भयो तापनि सो समय पूर्व हेलम्बुबासीहरू ङिङ-मा-पा मतावलम्बी थिए।[63] हुनत ब्याङ-तर र कर-मा-पा मत पनि अपनाएको नपाइने

2 . Corneille Jest, *Monuments of Northern Nepal*, (UNESCO : 1981), PP. 48–49.

63. Ibid, P. 80.

होइन ।[64]

बागाङ, छुम र विगुमा स्थापित गुम्बाहरू पनि क-ग्यु-पा मतमा आधारित देखिन्छन् ।[65] मुस्ताङ जिल्लाको माथिल्लो भाग लु-मान-थाङ सा-क्य-पा मतमा प्रभावित छ भने सो जिल्लाको दक्षिणी भागमा क-ग्यु-पा र ङिङ-मा-पा मतावलम्बीहरू देखिन्छन् ।[66] सोलुखुम्बु, रोल-वालिङ, सिमिगाउँका सम्पूर्ण शेर्पाहरू ङिङ-मा-पा मतमा विश्वास राख्दछन् । धेरै पछि काठमाडौं उपत्यकाको बौद्ध र कम्पनमा चारैवटा मतलाई प्रतिनिधित्व गर्ने गरी गुम्बाहरू बनाइयो । स्वयम्भूनाथ क्षेत्रमा दुई मतमा आधारित भिन्दाभिन्दै गुम्बाहरू निर्मित भएकोमा एउटा कर-मा-पा गुम्बाको नामबाट प्रख्यात छ भने अर्को गे-लुक-पा मतसंग सम्बन्धित देखिन्छ । बूढानीलकण्ठदेखि करीब दुई घण्टा टाढा उत्तर-पूर्वी शिवपुरी डाँडामा, फर्पिङ-मा र कीर्तिपुरमा एक-एक वटा गुम्बाहरू निर्माण भएको पाइन्छ । काठमाडौं उपत्यकामा पाइने गुम्बाहरूमा सबैभन्दा पुरानो स्वयम्भूको टाकुरामा निर्मित कर-मा-पा गुम्बालाई मान्न सकिन्छ ।

नेपालमा तिब्बती बौद्धधर्मको प्रचार कहिलेदेखि भयो भन्ने बारेमा किटान गर्न गाह्रो पर्दछ तापनि पन्ध्रौं सोह्रौं शताब्दी ई. देखि व्यावहारिक क्षेत्रमा यसले प्रवेश गरेको अनुमान गर्न सकिन्छ । कुङ्गा जाङ्पो (१३८२-१४५७ ई.) को आत्मकथा अनुसार मुस्ताङमा यो धर्मले पन्ध्रौं शताब्दी ई. तिर प्रवेश गरेको बुझिन्छ र यसैलाई स्थानीय लामाहरूले विश्वास गरेका पनि छन् ।[67] नेपालमा शेर्पाहरूको स्थानान्तरणसम्बन्धी विचार गर्ने हो भने १५३० ई. या सोह्रौं शताब्दीमा सोलुखुम्बु आएको मानिन्छ ।[68] नेपालको उत्तर-पूर्वी क्षेत्रमा शेर्पाहरूको स्थानान्तरण हुनु नै तिब्बती बौद्धधर्मको पनि प्रवेश हुनु हो । जब तिब्बतमा 'रातो टोपी' (ङिङ-मा-पा) लाई 'पहेंलो टोपी' (गे-लुक-पा) ले दमन गर्न थाल्यो तब रातो टोपी' ले नेपालमा क्रमिक रूपबाट स्थानान्तरण शुरू गऱ्यो र निरन्तर रूपमा यो मतलाई संरक्षण तथा सम्बर्द्धन गर्दै आए । सन् १९५९ मा तिब्बतलाई चीनले आफ्नो अधीनमा लिएपछि भागेर आएका तिब्बतीहरूले नेपालमा प्रशस्त मात्रामा गुम्बाहरू निर्माण गरी यहीं नै ज्ञान लिने दिने कार्य शुरू गरे । यस किसिमबाट नेपालमा तिब्बती बौद्धधर्मको प्रचार भए तापनि नेपालीको लागि यो कुनै नौलो धर्म थिएन । गौतम बुद्ध नै नेपालमा जन्मिएको हुनाले र अति प्राचीनकालदेखि नै नेपालीहरू बौद्धदर्शनसंग परिचित हुनुका साथै तिब्बती बौद्धधर्ममा पाइने दर्शन तथा सिद्धान्तहरू जति पनि छन् ती सबै भारतीय बौद्धदर्शनमा आधारित भएको हुनाले नेपालीहरूको लागि यो कुनै नौलो धर्म भएन ।

## निष्कर्ष

जुनवेला तिब्बतमा बौद्धधर्मको प्रचार हुन थाल्यो त्यसैबेला वोन मतावलम्बीहरू र बौद्ध धर्मावलम्बीहरूका बीच निरन्तर रूपमा सङ्घर्ष जारी नै रह्यो । बौद्धधर्मले राजकीय संरक्षकत्व प्राप्त गर्दा पनि परम्परागत संस्कृति तथा धर्ममा आस्था राख्ने वोन मतावलम्बीहरूका आफ्नो-पनले गर्दा तिब्बती भूभागमा यो (बौद्ध) धर्मले स्थायित्व कायम गर्न निकै कठीन परेको बुझिन्छ । छिमेकी राज्यका बौद्ध विद्वान्हरू र स्वदेशका शक्तिशाली शासकहरू एकजूट हुँदा पनि वोनधर्म नष्ट नभएबाट स्पष्ट हुन्छ कि यसले तिब्बती समाजमा कतिसम्म प्रभाव पारेको रहेछ ।

वास्तवमा तिब्बतमा भारतीय बौद्धधर्मको प्रचार भयो र अन्तमा यसलाई तिब्बतीहरूले समष्टिरूपबाट आफ्नो देश, माटो, हावा, पानी, जनधारणा र समाजको

64. Graham Clarke, "Lama and Tamang in Yolmo", Ib Michael Aris and Aung Sau Suu Kyi (Ed.), *Tibetan Studies*, (New Delhi : Vikash Publishing House, 1980), Fote note-11, P. 85.
65. Jest, op. cit., P. 80.
66. Ibid, P. 54.
67. Ibid.
68. Michael Oppitz, "Myths and Facts : Reconsidering some data concerning the clan of the Sherpa", *Kailash*, (Vol. II, No...... 1974), PP......

वातावरण अनुकूल सुहाउने गरी तिब्बतीय ढङ्गबाट विकास गरे । यसरी तिब्बतमा बौद्धधर्मको प्रचार र प्रसार गराउनमा नेपाल र नेपाली जनताले ठूलो भूमिका खेलेको कुरा बिर्सन सकिंदैन । ज्यान जोगाउन समेत अप्ठचारो अवस्थामा परेको महसूस भएपछि निराश भई फर्केका शान्तरक्षितलाई नेपालमा नै आश्रय दिनु, पद्मसंभवले तिब्बतको तात्कालिक अवस्थाबारे नेपालबाटै जानकारी लिनु, समय-समयमा र विशेष कठीन परिस्थितिमा तिब्बती भिक्षुहरू नेपाल आई ज्ञानार्जन गर्नु र खासगरी पश्चिम तिब्बतमा धर्मप्रचारको लागि धार्मिक प्रवेशद्वारको रूपमा अवस्थित भएबाट तिब्बतमा बौद्धधर्म प्रचार गराउनमा नेपालले के कति सहयोग गरेको रहेछ भन्ने कुरा छर्लङ्गिन्छ । त्यतिमात्र नभई भारत र तिब्बतको बीचमा नेपाल अवस्थित भएको हुनाले नै भारतीय बौद्ध विद्वान्–हरूलाई तिब्बतमा बौद्धधर्म प्रचार गर्न ज्यादै सजिलो भयो । जे जसरी भएपनि बौद्धधर्मले तिब्बती समाजमा जरो गाडेपछि सो देशको संस्कृति नै बौद्धधर्ममा परिवर्तन भयो ।

आधुनिक तिब्बती परिप्रेक्ष्यमा बौद्धधर्मका ऐतिहासिक कट्टर विरोधी बोन मतावलम्बीहरूको स्थायित्व त्यति नभए तापनि अल्पसंख्यक रूपमा यी मतावलम्बीहरू अझै पनि नेपालको कुना-काप्चामाछ रिएर बसेका पाइन्छन् । मुस्ताङ्ग जिल्लाको सदरमुकाम जोमसोमदेखि उत्तर-पूर्व अवस्थित लुप्रागलाई अझै पनि बोन्पोको मुख्य केन्द्र मानिएबाट स्पष्ट हुन्छ कि नेपाल र नेपालीले कुनैपनि धर्मलाई हेलाको दृष्टिले नहेरी बरु त्यसलाई संरक्षण र सम्बर्द्धन गर्नमा जोड दिइने परम्परा प्राचीन, मध्य र आधुनिक तीनै कालमा पाइनु यो नेपाली संस्कृतिको आफ्नै किसिमको विशेषता हो ।

## Bibliography

Altaker, A. S., *Education in Ancient India*, Vanarasi : Monoher Prakashan, 1975.

Bell, Sir Charles, *Tibet : Past & Present*, Oxford : Oxford University Press, 1927.

— — , *The Religion of Tibet*, Oxford : Oxford University Press, 1968.

Burman, Bina Ray, *Religion and Politics in Tibet*, New Delhi : Vikash Publishing House, 1979.

Clarke, Graham, 'Lama and Tamang in Yolmo' In Michael Aris and Aung Sau Suu Kyi (Eds.), *Tibetan Studies*, New Delhi : Vikas Publishing House, 1980.

Combi, G. A.. *A Tibetan on Tibet*, Kathmandu: Ratna Pustak Bhandar, 1975.

Dass, S. C., *Contributions on the Religion and the History of Tibet*, New Delhi : Manjusri Publishing House, 1970.

Dargyay, Eua K., *Tibetan Village Communities*, New Delhi : Vikas Publishing House, 1982.

Fantin, Mario, *Manirimdu*, New Delhi : The English Book Store, 1976.

Gyanwali, Surya Vikram, *Nepal Upatekako Madhyakalin Itihas* (in Mepali), Royal Nepal Academy, 2019.

Gckhale, V. V., "Tibet (Central) and Laddhak" In P. V. Bapal (Ed.) *2500 years of Buddhism*, Ministry of Information and Broadcasting of India, 1976.

Jest, Corneille, *Monuments of Northern Nepal*, UNESCO, 1981·

Joshi, Satya Mohan, *Karnali Lok Sanskriti*, Khanda–1, Nepal Rajkiya Pragya Pratisthan, 2028.

Oppitz, Michael, "Myths and Facts : Reconsidering some data concerning the clan history of the Sherpa", *Kailash*, Vol. II, No. 42, 1974.